# भीमेश्वर नगरपालिका

## चरिकोट, दोलखा

## नगर कार्यपालिकाको ४८औं बैठकका प्रस्तावहरु

मिति २०८२/०९/०९ गते

प्रस्ताव नं. १ : नगर कार्यपालिकाको ४७ औं बैठकको समीक्षा सम्वन्धमा ।

प्रस्ताव नं. २ : हिउदे नगरसभा सम्वन्धमा ।

प्रस्ताव नं. ३ : सङ्घीय समपुरक तथा विशेष अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम छनौट सम्वन्धमा ।

प्रस्ताव नं. ४ : प्रदेश समपुरक तथा विशेष अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम छनौट सम्वन्धमा ।

प्रस्ताव नं. ५ : आ.व. २०८२/०८३ को सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रमको विशेष अनुदानको कार्यक्रम सम्वन्धमा ।

प्रस्ताव नं. ६ : आ.व. २०८२/०८३ को प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमको विशेष अनुदानको कार्यक्रम सम्वन्धमा

प्रस्ताव नं. ७ : पाटीखोला - उखुबारी सडक निर्माण ठेक्काको म्याद थप सम्वन्धमा ।

प्रस्ताव नं. ८ : आयोजना तथा कार्यक्रमको अनुगमन सम्वन्धमा ।

प्रस्ताव नं. ९ : झो.पु. निर्माणको भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. १० : बारुणयन्त्र सन्चालन सम्वन्धमा ।

प्रस्ताव नं. ११ : सक्सन लिलाम सम्वन्धमा ।

प्रस्ताव नं. १२ : प्रदेश सरकारको एक जिल्ला एक विशेष पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रमको प्रस्ताव सम्वन्धमा

प्रस्ताव नं. १३ : कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यविधि, २०८१ संशोधन सम्वन्धमा ।

प्रस्ताव नं. १४ : कृषि निरन्तरता संस्थाको जग्गा सम्वन्धमा ।

प्रस्ताव नं. १५ : साउनेपानी शहरी स्वास्थ्य केन्द्रको भवन सम्वन्धमा ।

प्रस्ताव नं. १६ : सेवा पश्चातको सुविधा भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं. १७ : अधिवक्ताको पारिश्रमिक सम्वन्धमा ।

प्रस्ताव नं. १८ : ८ नं. वडा कार्यालयको भवन निर्माण सम्वन्धमा ।

प्रस्ताव नं. १९ : ड्राईभिङ लाईसेन्स ट्रायल सेन्टर स्थापना सम्वन्धमा ।

प्रस्ताव नं. २० : हेलीप्याड तथा क्रिकेट खेल अभ्यास निर्माण सम्वन्धमा ।

प्रस्ताव नं. २१ : आयोजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।

प्रस्ताव नं. २२ : साउनेपानी शहरी स्वास्थ्य केन्द्र भवन निर्माण सम्वन्धमा ।

प्रस्ताव नं. २३ : माटी स्वास्थ्य चौकीको अपुरो भवननिर्माण सम्वन्धमा ।

प्रस्ताव नं. २४ : सामुदायिक वनको कार्ययोजना लेखन सम्वन्धमा ।

प्रस्ताव नं. २५ (विविध) :

क) योजनाको लागि बजेट माग सम्वन्धमा ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४८औं बैठकका निर्णयहरु
मिति : २०८२/०९/०९ गते

निर्णय नं. १ : भीमेश्वर नगरपालिकाको ४७औं बैठकले गरेका निर्णयहरु कार्यान्वयन अवस्थाको सम्वन्धमा समीक्षा गरियो ।

निर्णय नं. २ : यस नगरपालिकाको हिउँदे नगरसभा तपसिलको मिति, स्थान र समयमा आव्हान गर्ने निर्णय गरियो ।

मिति : २०८२/०९/२४ गते

स्थान : भीमेश्वर सदन

समय : विहान ११:०० बजे

निर्णय नं. ३ : आ.व. २०८३/०८४ का लागि सङ्घीय समपुरक र विशेष अनुदान अन्तर्गत यस नगरपालिकामा सन्चालन गरिने तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम छनौट गर्ने निर्णय गरियो ।

सङ्घीय समपुरक अनुदान तर्फ :

क) घ्यावापानी —सेरा — निगाले सडक स्तरोन्नति, भीनपा ६, ७, ८ र ९

सङ्घीय विशेष अनुदान तर्फ :

क) सरसफाई तथा फोहरमैला व्यवस्थापन पूर्वाधार, भीनपा ६

निर्णय नं. ४ : आ.व. २०८३/०८४ का लागि प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गत यस नगरपालिकामा सन्चालन गरिने तपसिल बमोजिमका योजना तथा कार्यक्रम छनौट गर्ने निर्णय गरियो ।

प्रदेश समपुरक अनुदान तर्फ :

क) बालगृह — तिखातल सडक कालोपत्रे, भीनपा २, ३ र ४

ख) कमिनीचौर — वडा कार्यालय सडक स्तरोन्नति, भीनपा ५

प्रदेश विशेष अनुदान तर्फ :

क) गरिवी न्यूनीकरणका लागि विपन्न नागरिक आयआर्जन कार्यक्रम, भीनपा

निर्णय नं. ५ : चालु आ.व. २०८२/०८३ को लागि सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रममा विनियोजित बजेट विशेष अनुदान कार्यक्रम सन्चालन गर्न विपन्न नागरिक आयआर्जन कार्यक्रम कार्यविधि, २०८२ स्वीकृत गरी सोही बमोजिम कार्यान्वयन गर्ने ।

निर्णय नं. ६ : चालु आ.व. २०८२/०८३ को लागि प्रदेश सरकारबाट हस्तान्तरित कार्यकमको विशेष अनुदान जलवायु अनुकुलन कार्यक्रम तपसिल बमोजिमका आयोजना कार्यान्वयन गर्ने ।

| | |
|---|---|
| क) विपद व्यवस्थापनका लागि पानी ट्यांकी र ठेलागाडा खरिद, भीनपा | रु ५ लाख |
| ख) ठुलोसिम पहिरो नियन्त्रण कार्य, भीनपा ३, | रु ५ लाख |
| ग) जोरधारा पहिरो नियन्त्रण कार्य, भीनपा ३ | रु ५ लाख |
| घ) ठुलोखोला पहिरो नियन्त्रण कार्य, भीनपा ४ | रु ५ लाख |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

ङ) बोचघुम्ती मुहान संरक्षण तथा ग्याविन भर्ने कार्य, भीनपा ८ रु ५ लाख
च) पाँचधारा पौराणिक धारा मुहान संरक्षण/निर्माण , भीनपा ७ रु ५ लाख
छ) फुलवारी घुम्ती वस्ती पहिरो नियन्त्रण, भीनपा ९ रु ५ लाख
ज) राउतगाउँ पहिरो नियन्त्रण, भीनपा ५ रु ५ लाख
झ) सरसफाई केन्द्र पूर्वाधार निर्माण, भीनपा ६ रु २० लाख

निर्णय नं. ७ : पाटीखोला- उखुबारी - काउले सडक निर्माण आयोजनाको ठेक्का रकमको सीमाभित्र रहेको आन्तरिक भेरियसन स्वीकृत गर्ने र सो आयोजनाको ठेक्काको म्याद भुक्तानी प्रयोजनका लागि मिति २०८२ साल मङ्सिर मसान्तसम्म म्याद थप गर्ने ।

निर्णय नं. ८ : यस नगरपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन अनुगमनको लागि नेपाल सरकार, राष्ट्रिय योजना आयोग, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को बुँदा ४.१० (ग) बमोजिम रु ३ लाख सम्मको बजेट भएका योजना तथा कार्यक्रम वडाअध्यक्षको संयोजकत्वमा गठन भएको वडास्तरीय अनुगमन समितिले अनुगमन गर्ने सो भन्दा माथि बजेट भएका योजना तथा कार्यक्रमको नगर उपप्रमुख संयोजक भएको नगरपालिकास्तरीय अनुगमन समितिले अनुगमन गर्ने । ईष्टिमेट बमोजिम काम सम्पन्न नभएको, कार्य सम्पन्नमा ढिलाई भएको, गुणस्तर र परिमाण बमोजिम कार्य नभएको तथा सम्झौता विपरित कार्य गरेको गुनासो आए, विवाद सिर्जना भए जुनसुकै बखत जुनसुकै योजना तथा कार्यक्रमको नगरपालिका स्तरीय अनुगमन समितिले तत्काल अनुगमन गर्ने ।

निर्णय नं. ९ : यस नगरपालिकाद्वारा निर्माण सम्पन्न भएका तपसिल बमोजिमका झोलुंगे पुलहरुको भुक्तानी नगरपालिका तर्फको सि.नं. २३६ बाट र सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रमको सि.नं. ११३ बाट भुक्तानी दिने ।

| क्र.स. | झो.पु.को नाम | ठेगाना | रकम रु |
|---|---|---|---|
| १. | सुलिस खोला ट्रस | भीनपा ९ | ११,१०,४०४/८६ |
| २. | भुतछहरा ट्रस | भीनपा ७ | १०६८१२७/३३ |
| ३. | कुथली झोलुंगे पुल | भीनपा १ | १९६८८०९/०० |
| ४. | पुला खोला झोलुंगे पुल | भीनपा १ | १९०९२८४/४६ |

भीमेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

निर्णय नं. १० : भीमेश्वर नगरपालिकामा रहेको बारुण यन्त्र (दमकल) सन्चालन तथा व्यवस्थापनका लागि कार्यविधि तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ११ : भीमेश्वर नगरपालिकामा रहेको सक्सन ट्यांक मर्मत गरी सन्चालन गर्न नसक्ने भई लिलाम गर्न जिन्सी निरीक्षण प्रतिवेदनबाट सिफारिस भई आएकोले उक्त ट्यांक लिलाम प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १२ : पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौडाको मिति २०८२/०८/२६ गते प्रकाशित प्रस्ताव आव्हान सम्वन्धी सूचना अनुसार एक जिल्ला एक विशेष पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम माग गर्न यस नगरपालिका वडा नं. ८ र ९ लाई गाई र माछा पकेट क्षेत्र तोकी प्रस्ताव पत्र पेश गर्न कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १३ : यस नगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यविधि, २०८१ (पहिलो) संशोधन गर्ने ।

निर्णय नं. १४ : कृषि निरन्तरता संस्थाको स्वामित्वमा रहेको साविक माटी गाविस वडा नं. ८ (हाल भीनपा ५) मा रहेको जग्गा प्रयोगमा नरहेको र उक्त संस्थाले उल्लेखित जग्गा कृषि प्रदर्शनी एवम् अनुसन्धान प्रयोजनका लागि भीमेश्वर नगरपालिकालाई हस्तान्तरण गर्न ईच्छुक रहेकोले तपसिल बमोजिमका कि.नं. र क्षेत्रफल भएको जग्गा कृषि अनुसन्धान केन्द्रको रुपमा विकास गर्न उक्त संस्थाबाट रजिष्ट्रेशन पारित गरी स्वामित्व हस्तान्तरण गर्ने प्रक्रिया अगाडि बढाउन यस कार्यालयका कर्मचारी माधव प्रसाद सुवेदीलाई खटाउने ।

| क्र.स. | | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|
| १ | साविक माटी गाविस-८ (हाल भीमेश्वर ५) | ६४ | ३८६० व.मी. |
| २ | | ७० | ८५०० व.मी. |
| ३ | | ६१३ | ३६७० व.मी. |
| ४ | | ६१४ | ९७० व.मी. |
| ५ | | ६२५ | १०८० व.मी. |
| ६ | | ७१ | २८२० व.मी. |
| | | ६१५ | ९८० व.मी. |
| **जम्मा** | | | २१८८० वा.मी. (४२.९८ रोपनी ) |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा

निर्णय नं. १५ : यस नगरपालिका वडा नं. ५ बस्ने सिताराम सुवेदी र हरिहर सुवेदीले साउनेपानी शहरी स्वास्थ्य केन्द्र भवन निर्माणका लागि सिताराम सुवेदीको नाममा जग्गाधनी प्रमाण पुर्जा रहेको साविक माटी ५ र हरिहर सुवेदीको नाममा जग्गाधनी प्रमाण पुर्जा रहेको साविक माटी ५ क्रमशः कि.नं. ११७४ को क्षेत्रफल ८५५ व.मी. र कि.नं १०५२ को क्षेत्रफल ६०० व.मी. बाट कित्ताकाट गरी करिव १.५ रोपनी जग्गा दान दिन मञ्जुर भएकोले उक्त जग्गा दान स्वीकार गर्ने र उक्त जग्गा प्राप्त गर्ने प्रक्रियाका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने ।

निर्णय नं. १६ : यस कार्यालय र अन्तर्गतका कार्यालयमा करार सेवामा कार्यरत देहायका कर्मचारी स्वेच्छिक तथा उमेरको हदका कारण सेवाबाट अलग हुनुभएकाले करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा ३ (१) बमोजिम देहाय अनुसारको सेवा अवधि पूरा गरेका करार सेवाका कर्मचारीलाई तपसिल बमोजिमको सुविधा प्रदान गर्ने भनी उक्त ऐनको दफा ७(२) बमोजिम गठित कोष संचालक समितिको मिति २०८२/०६/०७ र मिति २०८२/०९/०४ को निर्णयलाई अनुमोदन गर्ने ।

| नाम, थर | पद/तह | शुरु नियुक्ति मिति | राजिनामा/अवकाश | सेवा अवधि | पाउने रकम |
|---|---|---|---|---|---|
| गोपाल कुसुले | कुचिकार | २०५४/०५/०५ | २०८२/०३/३२ | २७ वर्ष ११ महिना | ४,९९,०००/- |
| पवित्रादेवी बास्तोला | हे.अ. | २०७७/०७/१४ | २०८२/०८/२९ | ५ वर्ष १ महिना | ५७,८८४/- |

निर्णय नं. १७ : तामाकोशी गाउँपालिका वडा नं. २ स्थायी ठेगाना भएका बरिष्ठ शाखा अधिकृत विक्रम कार्कीले यस नगरपालिका समेतलाई विपक्ष बनाई सर्वोच्च अदालतमा दिएको रिट नं. (०७९-WO-१३५०) को सम्वन्धमा यस नगरपालिकाको तर्फबाट मिति २०८२/०३/३१ र मिति २०८२/०८/२१ गते बहस पैरवी गर्नुभएका अधिवक्ता श्री करुणाकर मल्लिकलाई प्रति बहस पैरवी रु २५,०००/- (पच्चीस हजार) का दरले हुन आउने रु ५०,०००/- (पचास हजार) सि.नं. ३६ बाट भुक्तानी दिने ।

निर्णय नं. १८ : भीमेश्वर नगरपालिका, ८ नं. वडा कार्यालयको भवन निर्माण गर्ने प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. १९ : बागमती प्रदेशको केन्द्र हेटौडादेखि दुरीको हिसाबले टाढा रहेको हिमाली जिल्ला दोलखा र आसपासका नागरिकलाई यातायात सन्चालनको सीप विकास तथा ड्राईभिङ लाईसेन्स ट्रायल सेवाका

लागि ट्रायल सेन्टर स्थापनाका लागि बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई अनुरोध गर्ने ।

निर्णय नं. २० : भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित उद्योग तथा वाणिज्य कार्यालय, चरिकोटको पूर्व तर्फ भीमेश्वर रङ्गशाला - पाखाटोल सडकसँग जोडिएको खुला जग्गामा हेलिप्याड निर्माणको सम्भाव्यता अध्ययन गर्ने र उक्त खुला स्थान हाललाई क्रिकेट अभ्यासको लागि उपलव्ध गराउने ।

निर्णय नं. २१ : बागमती प्रदेश सरकार, शहरी विकास तथा भवन कार्यालय, काभ्रेपलान्चोकबाट यस नगरपालिकाका वडा नं. ६ का लागि आ.व. २०८२/०८३ मा बिनियोजन भएको थामी समाज दोलखा भवन निर्माण, भीनपा ६ (सिन्धुली) को कार्यक्षेत्र/ठेगाना फरक परेकोले थामी समाज दोलखा भवन निर्माण, भीनपा ६ कायम गरिदिन शहरी विकास तथा भवन कार्यालय, काभ्रेपलान्चोक मार्फत बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने ।

निर्णय नं. २२ : यस नगरपालिका वडा नं. ५ स्थित साउनेपानी शहरी स्वास्थ्य केन्द्रको भवन निर्माणका आवश्यक बजेट उपलव्ध गराउन श्री स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौंलाई अनुरोध गर्ने ।

निर्णय नं. २३ : यस नगरपालिका वडा नं. ५ स्थित माटी स्वास्थ्य चौकी अपुरो भवन सम्पन्न गर्न बजेट आवश्यक भएकोले श्री स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौंलाई बजेट माग अनुरोध गर्ने ।

निर्णय नं. २४ : यस नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत शि.नं. १९१ को सामुदायिक वनको कार्ययोजना लेखन कार्य गर्न सामुदायिक वन उपभोक्ता महासंघ, दोलखाबाट यस कार्यालयमा प्रस्ताव पत्र पेश भई आएकोले डिभिजन वन कार्यालय, दोलखासँग समन्वय गरी उक्त कार्य गर्न नगरसभाबाट विनियोजित बजेट रु ५,००,०००/- उपलव्ध गराउने र सम्वन्धित विषय बिज्ञको मुल्यांकन तथा सिफारिसमा भुक्तानी गर्ने गरी सम्झौता गर्ने ।

निर्णय नं. २५ विविध :

(क) : भीमेश्वर नगरपालिकाको आ.व. २०८२/०८३ को योजना तर्जुमा प्रक्रियामा समावेश हुन नसकेका, स्थानीय समुदायको माग तथा जनप्रतिनिधिहरुको स्थलगत निरीक्षणबाट अतिआवश्यक देखिई सिफारिस भएका निम्न आयोजना तथा कार्यक्रम कार्यान्वायन गर्न आगामी नगरसभामा पेश हुनेगरी अनुमोदन गराउने गरी तपसिलको शीर्षकहरुबाट रकम उपलव्ध गराउने ।

| क्र.स | योजना तथा कार्यक्रमको नाम र ठेगाना | माग गर्ने निकाय/व्यक्ति | शीर्षक नं. | रकम रु |
|---|---|---|---|---|
| १. | मथानी खानेपानी आयोजना, भीनपा ५ | मथानी खानेपानी तथा सरसफाई समिति | ३०३ | १,५५,०००/- |
| २. | खानेपानी ट्यांकी निर्माण, डाँडाघर, भीनपा ५ | राजिव श्रेष्ठ | ३०३ | १,००,०००/- |
| ३. | किवी खेती घेरावार, भीन पा १ | क्षमावती कृषक समूह | १३८ र | २,००,०००/- |

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको ४८औं बैठकका निर्णयहरु
मिति : २०८२/०९/०९ गते

| | | | | |
|---|---|---|---|---|
| | | | २७० बाट थप | |
| ४. | अतिरिक्त कक्षा तथा क्रियाकलाप सन्चालन | पशुपति कन्या मन्दिर मावि | १३८ | १,३०,०००/- |
| ५. | डाँडागाउँ गोरेटो बाटो निर्माण, भीनपा ९ | ९ नं. वडा कार्यालय | ३०३ | १,५०,०००/- |
| ६. | ठुलोचौर पाखे कृषि सडक मर्मत, भीनपा ५ | लिला बहादुर कार्की | ३०३ | ३०,००० |
| ७. | अल्जाईमर तथा मनोपरामर्श सम्वन्धी अभिमुखीकरण | जेष्ठ नागरिक संघ, दोलखा | १२६ | १,००,०००/- |
| ८. | ल्होछार विशेष कार्यक्रम, २०८२ | चरिघ्यांग गुम्बा व्यवस्थापन समि | ४५ | १,००,०००/- |
| ९ | पाखाटोल रज भीमसेन सडक | स्थानीय उपभोक्ता | २८१ | १,५०,०००/- |
| १० | अन्तरपालिकास्तरीय शिक्षक भलिवल प्रतियोगिता | महेश खाती, टोली नेता | १३८ | १,००,०००/- |
| ११ | वृहत सोनाम ल्होछार कार्यक्रमतथा शुभकामना आदान प्रदान कार्यक्रम | छोईलिंग गुम्बा तथा लाकुरीडाँड तामांग सुमदाय समाज | ४५ | ७५,०००/- |
| १२ | उद्यौली पर्व व्यवस्थापन, भीनपा १ | राङराङथली हाम्रो थामी समाज | ४५ | २५,०००/- |
| १३ | ६ इन्चको पाईप खरिद | पर्शुराम थापा | २८१ | ५५,०००/- |
| १४ | २५ एम.एम. को ५०० मी.पाईप खरिद | साखिने नेवारगाउँ कृषक | ३०३ | ३३,०००/- |
| १५ | १२५ एम.एम. को २५ मी. खरिद | मेखराम मुंग्राती | ३०३ | १६,०००/- |
| १६ | विपन्न राहत खर्च | राधा शिवाकोटी | १९२ | २५,०००/- |
| १७ | उपचार खर्च | हरि बहादुर केसी, भीनपा ९ | १९२ | २५,०००/- |
| १८ | मानव उद्वार, धादिंग- चरिकोट | राजन बस्नेत, भीनपा ७ | १३७ | २५,४००/- |

ख) यस नगरपालिका वडा नं. ५ स्थित महांकाली भगवती मन्दिर संरक्षण समितिले हरेक वर्ष बडादसैंको अवसरमा रुद्री-चण्डी पाठ लगायत पुजा र सरसफाई समेतको कार्य गर्नका लागि जात्रापर्व शीर्षकबाट प्रदान हुँदै आएको सहयोग रकम चालु आ.व.मा शि.नं. ४५ बाट रु ३५,०००/-उपलव्ध गराउने ।

ग) यस नगरपलिका क्षेत्रमा प्लास्टिक प्रयोग न्यूनीकरणका लागि ग्लोबल ह्यान्ड्स नेपाल, दोलखाले पेश गरेको प्रस्तावना अनुसार वातावरण व्यवस्थापन अन्तर्गत साझेदारीका लागि शि.नं. १५६ बाट रु ५०,०००/- उपलव्ध गराउने ।

घ) मिजार समाज नेपाल, दोलखाको जिल्ला भेला सन्चालनका लागि सहभागि खाना/खाजा/चिया खर्च उपलव्ध गराउने ।

ङ) न्यायीक समिति र मेलमिलापकर्ताका लागि उपयोगी कानून सम्वन्धी पुस्तक शि.नं. १७१ बाट खरिद गर्ने ।

च) २ नं. वडा कार्यालयको नयाँ प्रशासनिक भवन उद्घाटन कार्यक्रम तथा अन्य कार्यालय सामाग्री खरिद तथा सन्चालन वापतको खर्च रकम रु १,०६,०९५/- (एक लाख छ हजार पन्चानब्बे मात्र) शि.नं. ३१ बाट भुक्तानी दिने ।

ज) भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्र र बसपार्क - देउरालीडाँडा क्षेत्रमा थप सडक बत्ती जडानका लागि प्राविधिक लागत अनुमान तयार गर्न कार्यालयलाई निर्देशन दिने ।

झ) वर्षातको कारण अवरुद्ध भएका यस नगरपालिका क्षेत्रभित्रका तपसिलका सडकहरुको लागत अनुमान तयारी गरी सोही बमोजिम मर्मत/सम्भार भएको कार्यको प्राविधिक मुल्यांकन बमोजिम सम्वन्धित वडाको सिफारिसमा भुक्तानी दिने ।

- पाटीखोला - उखुबारी सडक मर्मत, भीनपा ६ र ७
- बोधीखोला कुप्री सेरा सडक मर्मत, भीनपा ७

ञ) चरिकोट गेमिङको आयोजनामा स्नुकर च्याम्पियनशिप- सिजन टु कार्यक्रम सन्चालनका लागि शि.नं. १९२ बाट खर्च प्रमाण र कार्यसम्पन्न प्रतिवेदन बमोजिम रु २५,०००/- भुक्तानी दिने ।

ट) नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सवारी साधन चालकहरुको कामको कार्यबोझलाई मध्यनजर गर्दै मासिक रु १५,०००/- (पन्ध्र हजार) सम्म निजहरुलाई मासिक सुविधा उपलव्ध गराउने।

ठ) भीमेश्वर नगरपालिका, ५ नं. वडा कार्यालय, माटीको आयोजनामा दोलखा जिल्ला मा.वि.स्तरीय फुटबल प्रतियोगिता, २०८२ सन्चालनका लागि शि.नं. १९२ बाट खर्च प्रमाण र कार्य सम्पन्न प्रतिवेदन रु ५०,०००/- (पचास हजार) र शि.नं. १३८ बाट रु ५०,०००/- (पचास हजार) उपलव्ध गराउने ।

ड) भीमेश्वर नगरपालिका, ४ नं. वडा कार्यालय, जिलुको आयोजनामा अन्तर वडास्तरीय भलिबल प्रतियोगिता, २०८२ सन्चालनका लागि शि.नं. १९२ बाट खर्च प्रमाण र कार्य सम्पन्न प्रतिवेदन रु ५०,०००/- (पचास हजार) उपलव्ध गराउने ।

विष्णु प्रसाद सुवेदी

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

ख) महंकाली भगवती मन्दिरमा आ.व. २०८२/०८३ को जात्रा पुजा खर्च सम्वन्धमा ।

ग) प्लास्टिक प्रयोग न्यूनीकरणका लागि (ग्लोबल ह्यान्ड्स नेपाल) आर्थिक सहयोग माग सम्वन्धमा ।

घ) मिजार समाज नेपाल, दोलखा शाखाको जिल्ला भेला सन्चालन लागि आर्थिक सहयोग माग सम्वन्धमा ।

ङ) उपयोगी किताव खरिद सम्वन्धमा ।

च) २ नं. वडा कार्यालयको उद्घाटन कार्यक्रमको खर्च सम्वन्धमा ।

छ) सडक बत्ती थप विस्तार सम्वन्धमा ।

ज) सडकको आकस्मिक मर्मतको भुक्तानी सम्वन्धमा ।

झ) स्नुकर च्याम्पियनशिप सिजन टु को भुक्तानी सम्वन्धमा ।

ञ) सवारी साधन चालकहरुको सुविधा सम्वन्धमा ।

ट) माविस्तरीय फुटबल प्रतियोगिता सन्चालन सम्वन्धमा ।

ठ) अन्तर वडास्तरीय भलिवल प्रतियोगिता सन्चालन सम्वन्धमा ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३